आज मिति २०८३ साल कार्तिक ११ गते, नेपाल संवत् ११४६ कौलागा २ बुधबारका दिन बर्दिया जिल्लाका प्रमुख जिल्ला अधिकारी एवम् जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष श्री गोगन बहादुर हमालको अध्यक्षता तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा "विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४" को दफा १६(१) बमोजिम जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति बर्दियाको बैठक बसी निम्न बमोजिमको निर्णय गरियो।

उपस्थिति

पद	नामथर	कार्यालय/निकाय	सम्पर्क नं.	दस्तखत
प्र.जि.अ./ अध्यक्ष	श्री गोगन बहादुर हमाल	जिल्ला प्रशासन कार्यालय, बर्दिया	९८५८०३७७७७	
प्रमुख	श्री सुर्यबहादुर विष्ट	जिल्ला समन्वय समिति बर्दिया	९८४१४८०५६८	

पद	नामथर	कार्यालय/निकाय	सम्पर्क नं.	दस्तखत
अ.जि.	गोपाल शर्मा	वर्दिया डि.आ.यो.ता	९८५९१४६४९९	
उ०अ.जि	सेवा सिंह डाँगी	स.०अ०नि०ना	९८५८०३८६६६	
सुपु०	दिनेश कुमार महत	स.प्र.अ.त, नेपाल रेडक्रस सोसाइटी, बर्दिया	९८५९२८२१९८	
प्र.उ.	रतनराज पाण्डेय	डि.द्रु.को.बर्दिया	९८५८०३५५५५	
प्र.भे.ज.	डा. सुभाष पाण्डेय	बर्दिया अस्पताल	९८५८०३२९७६	
डाक्टर प्रशासन	लोक प्रसाद ढकाल	डाक्टर प्रशासन, बर्दिया	९८५८०६३६६६	
कै.ज.	केशव कुमार आचार्य	ज.स.प.नेपाल	९१४८०४२२६६	
नि.प्र.को.नि	सुरेन्द्र बहादुर थारू	कोतेनिका बर्दिया	९८४३६०२९८९	
स.स.प.प्रा.स.न	रामबाबु सुवेदी	सार्वजनिक स्वास्थ्य पार्ट प्रा.क.स.	९८५८०२९६६६	
ई.अ.	अटविन्द्र आहुजा	बर्दिया सार्वजनिक निर्माण	९८६९२८२२४०	
प्र.प्र.अ.	अर्जुन थापा	बबैयाताल गा.पा.	९८५८०३८८८८	
औ.चि	डि.भानु चिकित्सक	बर्दिया आ.स्वा.केन्द्र	९८६८६३४२५६	
ए.अ.	प्रकाश कुमार चौधरी	कृषि ज्ञान केन्द्र	९८४४८२२०६३	
स.प्र.	बसन्त पुडासैनी	जलउत्पन्न सिंचाई विभाग डिभिजन कार्यालय	९८५८०४८९७८	
का.सु.	डिबेन्द्र कुमार बिष्ट	स्वास्थ्य चौकी बबैयाताल	९८६६६८४२५	
ब.अ.ले.	सुशिलकुमार चौरसिया	घरेलु तथा साना उद्योग का. बर्दिया	९८५८०२४९०६	
नि.प्रि.अ.	टोलराज पोखरेल	डि.व०का०, बर्दिया	९८४८.४१४०६	
इ	सचिन मण्डल	सिंचाई तथा जलस्रोत व्यवस्थापन अ. राजापुर	९८६२२०७३७५	
ए.ला.प.अधि	हरि कैथोला	नेपाली सेना तिनतला भवन	९८५८०२६९६६	
प्र.पै.अ	जे.एल. अहुजा	बर.स.चौ.का.नं.ज	९८५८०६८३३५	
कृ.प्र.	विजय कुमार ढकाल	कृषक सेवा तालिम केन्द्र कार्यालय बर्दिया	९८५८०३२६८६	
क.हु.अ.	नन्दकृष्ण पाध्याय	जिल्ला हुलाकी कार्यालय बर्दिया	९८४८५८२८६४	
की.प्र.	अमृत प्रसाद पुकोटी	इलाका प्रशासन कार्यालय राजापुर बर्दिया	९८५८०२९९६६	

पद	नामथर	कार्यालय/निकाय	सम्पर्क नं.	दस्तखत
DRR focal person	धर्मराज डाँगी	मधुवन नगरपा	९८४८२५६६७	
जिल्ला प्रमुख	मन प्रसाद रेग्मी	बाँसगढी नपा	९८४८०६९१९६	
DRR focal Person	सुशील कुमार थापा	बाँसगढी नपा	९८४०३६८८६	
परियोजना संयोजक	फिरोजी कुमारी थारु	आकांक्षा महिला उत्थान केन्द्र, गोदिया	९८४८०२०२०८	
कार्यक्रम प्रबन्धक	तेजमणि पन्त	आशा महिला उत्थान केन्द्र, गुलरिया	९८४२०५१६५४	
उप-प्रमुख	मनलाल कुं. चौधरी	राजापुर नगरपालिका	९८४०१०६५३५	
प्र.कार्यपा.	अदिति अधिकारी डि. प्रकाश पाण्डेय	बर्दिया प्रहरी	९८४५१२२८८६	
प्र.अ	प्रदीप चौधरी	जि.प्रहरी का. बर्दिया	९८४८६२६२८६	

जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समिति

मितिः २०८३/०७/११ गते

समयः दिनको २:०० बजे

स्थानः जिल्ला प्रशासन कार्यालय, बर्दिया

बैठकका निर्णयहरूः

१. अघिल्लो बैठकबाट भएका निर्णयहरूको कार्यान्वयन अवस्थाको समीक्षा गरी कार्यान्वयन हुन बाँकी रहेका निर्णयहरू सम्बन्धित निकायले प्राथमिकताका साथ सम्पन्न गर्ने तथा कार्यान्वयनमा देखिएका समस्या र समाधानका उपायसहितको प्रगति विवरण आगामी बैठकमा पेस गर्ने ।

२. रुसुवा भोटेकोशी बाढीमा परी बेपत्ता भएका व्यक्तिहरूको आधिकारिक विवरण यकिन गर्ने सम्बन्धमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्यकारी समितिको मिति २०८३।०६।१४ गतेको ३७औं बैठकबाट भएको निर्णय एवम् रसुवा भोटेकोशी बाढीमा बेपत्ता व्यक्तिको आधिकारिक विवरण यकिन गर्ने प्रक्रिया २०८३ बमोजिम आवश्यक प्रकृया पुरागरी सबै स्थानीय तहबाट प्राप्त नभैसकेकाले मिति २०८३/०७/१८ गते बस्ने यस बैठकमा निर्णय नगरिसकेका स्थानीय तहहरुले अनिवार्य स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकबाट निर्णय गरी पठाउने ।

३. आगामी हिउँदयाममा हुन सक्ने शीतलहर तथा अत्यधिक चिसोबाट प्रभावित हुन सक्ने विपन्न परिवार, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा अन्य जोखिममा रहेका नागरिकको पहिचान गरी आवश्यक संरक्षण तथा सहयोगको व्यवस्था मिलाउने। स्थानीय तह, स्वास्थ्य कार्यालय, नेपाल रेडक्रस सोसाइटी तथा सम्बन्धित निकायले उपलब्ध स्रोतसाधन र स्वीकृत कार्यक्रमअनुसार न्यानो कपडा, आवश्यक स्वास्थ्य सेवा, जनचेतनामूलक सूचना तथा अन्य सहयोगको व्यवस्था गर्न समन्वय गर्ने ।

४. सम्भावित बाढी, डुबान, मौसमजन्य विपद् तथा अन्य जोखिमसम्बन्धी पूर्वसूचना समयमै प्रभावित समुदायसम्म पुऱ्याउन जिल्ला आपत्कालीन कार्यसञ्चालन केन्द्र, सुरक्षा निकाय, स्थानीय तह, सञ्चारमाध्यम तथा सम्बन्धित प्राविधिक निकायबीच समन्वय सुदृढ गर्ने। विपद्को समयमा सूचना आदानप्रदान, जोखिमयुक्त क्षेत्रका बासिन्दालाई पूर्वसावधानी अपनाउन आग्रह तथा आवश्यकता अनुसार सुरक्षित स्थानमा स्थानान्तरणको व्यवस्था प्रभावकारी बनाउने ।

५. विपद्को समयमा तत्काल परिचालन हुन सक्ने गरी सुरक्षा निकाय, स्थानीय तह तथा सम्बन्धित उद्धारकर्मी जनशक्ति, सवारीसाधन, उद्धार उपकरण, प्राथमिक उपचार सामग्री, एम्बुलेन्स तथा अन्य आवश्यक स्रोतसाधनको विवरण अद्यावधिक गर्ने। साथै, आपत्कालीन राहत सामग्रीको उपलब्धता, भण्डारण, वितरण प्रक्रिया र जिम्मेवारी स्पष्ट गरी प्रचलित मापदण्डअनुसार निष्पक्ष, पारदर्शी तथा आवश्यकतामा आधारित राहत वितरण सुनिश्चित गर्ने ।

६. अघिल्लो मनसुनमा बाढी, डुबान तथा अन्य विपद्का कारण क्षति पुगेका निजी आवास, सार्वजनिक भवन, सडक, पुल, खानेपानी, सिँचाइ, विद्यालय, स्वास्थ्य संस्था तथा कृषि उपजको यथार्थ विवरण सम्बन्धित स्थानीय तह र कार्यालयबाट संकलन तथा प्रमाणीकरण गर्ने। क्षतिग्रस्त संरचनाको मर्मतसम्भार, पुनर्निर्माण तथा प्रभावित नागरिकको पुनर्स्थापनाका लागि आवश्यक पर्ने बजेट र स्रोतसाधनको विवरण तयार गरी सम्बन्धित तालुक निकायमा पठाउने तथा उपलब्ध स्रोतअनुसार प्राथमिकताका आधारमा कार्य अघि बढाउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

२०८३/०७/११

७. बर्दिया जिल्लामा वन्यजन्तुको आवागमनबाट मानव बस्ती, कृषि उपज तथा नागरिकको जीउधनमा पर्न सक्ने क्षति न्यूनीकरण गर्न बर्दिया राष्ट्रिय निकुञ्ज, डिभिजन वन कार्यालय, स्थानीय तह, सुरक्षा निकाय तथा सम्बन्धित सरोकारवालाबीच समन्वय गर्ने। जोखिमयुक्त क्षेत्रमा जनचेतना, पूर्वसूचना, आवश्यक सुरक्षा उपाय तथा वन डढेलो नियन्त्रणको पूर्वतयारीलाई प्रभावकारी बनाउने र वन्यजन्तुबाट प्रभावित नागरिकलाई प्रचलित कानुनबमोजिम उपलब्ध हुने राहत तथा क्षतिपूर्ति प्रक्रियामा सहजीकरण गर्ने।

८. बाढी, डुवान, अतिवृष्टि, खडेरी तथा अन्य विपद्का कारण कृषि बाली, पशुपन्छी तथा कृषि उत्पादनमा भएको क्षतिको विवरण सम्बन्धित स्थानीय तह, कृषि ज्ञान केन्द्र, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र अन्य सम्बन्धित निकायमार्फत संकलन तथा प्रमाणीकरण गर्ने। क्षतिग्रस्त कृषि क्षेत्रको पुनःस्थापना, कृषकलाई आवश्यक प्राविधिक सेवा, रोग तथा कीरा नियन्त्रण, वैकल्पिक खेती प्रणाली र उत्पादन पुनःसञ्चालनका उपाय पहिचान गरी आवश्यक सहयोगका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने। साथै, आगामी खेतीमा विपद् जोखिम न्यूनीकरणका उपाय अवलम्बन गर्न कृषकलाई सचेत गराउने ।

९. जिल्ला तथा स्थानीय तहमा उपलब्ध विपद् व्यवस्थापन कोषको अवस्था, आवश्यक बजेट, राहत सामग्री तथा अन्य स्रोतसाधनको समीक्षा गरी विपद् पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभका लागि आवश्यक स्रोत व्यवस्थापन गर्ने। विपद्को अवस्थामा स्रोतसाधनको शीघ्र परिचालन, खर्चको पारदर्शिता, राहत वितरणको अभिलेख तथा प्रभावित परिवारको विवरण व्यवस्थित गर्ने र आवश्यक थप बजेटका लागि सम्बन्धित प्रदेश तथा संघीय निकायसँग समन्वय गर्ने ।

१०. जिल्लाका सबै स्थानीय तह तथा सम्बन्धित निकायको विपद् व्यवस्थापन क्षमता अभिवृद्धि गर्न विपद् जोखिमसम्बन्धी जनचेतनामूलक कार्यक्रम, खोज तथा उद्धार तालिम, प्राथमिक उपचार, सुरक्षित स्थानान्तरण र विपद् प्रतिकार्यसम्बन्धी अभ्यास सञ्चालन गर्न आवश्यक समन्वय गर्ने। साथै, यस बैठकबाट भएका निर्णयहरूको कार्यान्वयनका लागि सम्बन्धित निकायलाई जिम्मेवार तोकी कार्यप्रगति नियमित रूपमा अनुगमन गर्ने तथा कार्यान्वयनको अवस्था र देखिएका समस्यासहितको विवरण आगामी जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको बैठकमा पेस गर्ने ।

११. शीतलहर तथा चिसोबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण तथा व्यवस्थापन गर्नका लागि जिल्ला विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन समितिको सचिवालय जिल्ला प्रशासन कार्यालय, बर्दियाले यस बर्षको लागि स्थानीय तह, सम्बन्धित विषयगत कार्यालय एवम् सरोकारवाला निकायहरुसँग आवश्यक समन्वय गरि द्दण्डघ मंसिर महिना भित्र बर्दिया शीतलहर आकस्मिक योजना, २०८३ निर्माण गरि कार्यान्वयनका लागि सबै कार्यालय एवम निकायहरुमा पठाउने। सोही बमोजिम जिल्लास्थित सबै स्थानीय तहले समेत शीतलहर आकस्मिक योजना, २०८३ निर्माण गरी कार्यान्वयनमा ल्याउने।

१२. जल तथा मौसम विज्ञान विभाग, मौसम पूर्वानुमान महाशाखाबाट मिति 2083/07/09 गते जारी विशेष मौसमी बुलेटिनअनुसार बंगालको खाडीमा विकसित भइरहेको चक्रवातीय प्रणालीका कारण 2083 कार्तिक 12गते विहिवारबाट शुरु भई विशेष गरी कार्तिक 13 गते शुक्रवार र 14 गते शनिवार नेपालको पश्चिमी तथा मध्य भूभागका विभिन्न स्थानमा मौसम प्रभावित हुन सक्ने र वर्षा, भारी वर्षा, हिमपात तथा उच्च हिमाली क्षेत्रमा हिमआँधीको सम्भावना रहेको जानकारी प्राप्त भएको छ। उक्त मौसमी प्रणालीको प्रभावबाट लुम्बिनी प्रदेशका विभिन्न स्थानसमेत प्रभावित हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै बर्दिया जिल्लामा समेत वर्षा, बाढी, डुबान तथा अन्य विपद्जन्य जोखिम उत्पन्न हुन सक्ने अवस्थाप्रति सचेत रहन आवश्यक देखिएको छ। तसर्थ, सम्भावित विपद्बाट हुन सक्ने जनधनको क्षति न्यूनीकरण गर्न बर्दिया जिल्लावासी

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
गुलरिया, बर्दिया

6/09

आम नागरिक, स्थानीय तह, सरकारी तथा गैरसरकारी निकाय, सुरक्षा निकाय र सम्बन्धित सबै सरोकारवालाले आ-आफ्नो तर्फबाट प्रचार प्रसार गरि जनधनको क्षति हुन नदिन आवश्यक व्यवस्था मिलाउने।

१३. नेपालीहरूको महान् चाड तिहारको अवसरमा देउसीखेल्ने भैलो), दीपावली गर्ने तथा अन्य मनोरञ्जनात्मक गतिविधिहरू सञ्चालन गर्ने क्रममा रातिसम्म घरबाहिर रहने र दियो, मैनबत्ती, पटाका, आतसबाजी तथा अन्य आगोजन्य सामग्रीको असावधानीपूर्ण एवं अत्यधिक प्रयोगका कारण आगलागी तथा अन्य विपद्जन्य घटनाहरू हुन सक्ने सम्भावनालाई मध्यनजर गर्दै त्यस्ता घटनाहरूको जोखिम न्यूनीकरण गर्न सम्बन्धित सबै निकाय, स्थानीय तह, सुरक्षा निकाय, सञ्चारमाध्यम, टोल विकास संस्था, नागरिक समाज तथा आम नागरिकले आ-आफ्नो तर्फबाट आवश्यक सूचना प्रवाह, जनचेतनामूलक कार्यक्रम तथा सचेतनामूलक सन्देशहरू सम्प्रेषण गर्ने। साथै, आगो तथा विद्युत्को सुरक्षित प्रयोग गर्ने, पटाका तथा विस्फोटकजन्य पदार्थको प्रयोगबाट हुन सक्ने जोखिमप्रति सचेत रहने, घरबाहिर रहँदा व्यक्तिगत तथा सामुदायिक सुरक्षामा ध्यान दिने र सम्भावित आगलागीका घटनाबाट बच्न आवश्यक सतर्कता अपनाउने व्यवस्था मिलाउने। तिहार पर्वलाई शान्तिपूर्ण, सुरक्षित, मर्यादित एवं सभ्य रूपमा मनाउँदै आपसी भाइचारा, सद्भाव र सामाजिक एकता अभिवृद्धि गर्न सम्पूर्ण जिल्लावासीमा अनुरोध गर्ने ।

१४. नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०८१रहेको कार्यान्वयनमा भई स्वीकृत बैठकबाट गतेको १६/०९/ *विपद्मा संवेदनशील सामाजिक सुरक्षा तथा राहत वितरण मापदण्ड, २०८१* बमोजिम विपद् प्रभावितलाई राहत वितरण गर्ने तथा सोबापतको रकम सोधभर्ना गर्ने सम्वन्धमा छलफल गर्दा, प्रचलित व्यवस्था अनुसार स्थानीय तहबाट विपद् प्रभावितलाई राहत वितरण गरी सोको सोधभर्नाका लागि जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस सहित पेस गर्नुपर्नेमा केही समययता स्थानीय तहबाट सोझै जिल्ला प्रशासन कार्यालय, बर्दियामा सिफारिस गरी पठाउने गरेको देखिएकाले आगामी दिनमा प्रचलित मापदण्ड तथा कार्यविधि बमोजिम प्रक्रिया अवलम्बन गर्ने। विपद्को प्रकृति, प्रभाव तथा आवश्यकताका आधारमा प्रभावितलाई थप राहत उपलब्ध गराउनुपर्ने भएमा सम्बन्धित स्थानीय विपद् व्यवस्थापन समितिको निर्णयसहित जिल्ला विपद् व्यवस्थापन समितिमा सिफारिस गरी पठाउने र प्राप्त सिफारिसका आधारमा आवश्यक प्रक्रिया पूरा गरी प्रदेश सरकारमा पठाउने। प्रदेश सरकारबाट राहतबापतको रकम प्राप्त भएपछि सम्वन्धित लाभग्राहीको बैंक खातामा रकम उपलब्ध गराइने व्यवस्था भएकाले यस प्रक्रियाबारे सबै स्थानीय तहले सम्वन्धित नागरिकलाई आवश्यक जानकारी प्रदान गर्नुका साथै सिफारिस तथा राहत प्राप्तिसम्बन्धी कार्यमा सहजीकरण गर्ने।

नेपाल सरकार
गृह मन्त्रालय
प्रशासन कार्यालय
बर्दिया

6/09